गाउँपालिकाको कार्यालय
सोलुखुम्बु
१ नं. प्रदेश, नेपाल

कार्यपालिका बैठक नं. ९, ०७९/०८०

**निर्णयहरु:**

**निर्णय नं. १**

नेचासल्यान गाउँपालिका भित्र प्राकृतिक श्रोत (गिट्टि र बालुवा)लाई करको दायरमा ल्याउन आ.व. २०७९/८० मा देहायका करको दर कायम गर्ने सम्बन्धमा सार्वजनिक सूचना जारी गरी यथाशीघ्र कर संकलन गर्ने निर्णय गरियो ।

**तपशील:**

| क्र.स. | प्राकृतिक स्रोत | दर | कैफियत |
|---|---|---|---|
| १. | बालुवा | ३०० प्रति ट्र्याक्टर | |
| २. | गिट्टी | ३०० प्रति ट्र्याक्टर | |

**निर्णय नं. २**

नेपाल सरकारले प्रत्येक स्थानीय तहहरुमा कम्तिमा आधारभूत अस्पतालको स्थापना र सञ्चालन गर्ने अवधारणा ल्याई जनताको स्वास्थ्य सम्बन्धी मौलिक हकको सुनिश्चितता गर्ने लक्ष्य लिए अनुरुप नेपाल सरकार मन्त्रिपरिषदबाट नेचासल्यान गाउँपालिकामा ५ शैयाको आधारभूत अस्पताल स्वीकृत गरेको अवस्था छ। तर गाउँपालिकाले १५ शैयाको आधारभूत अस्पतालको स्वीकृतीको लागि मन्त्रालयमा प्रक्रिया चालिरहेको अवस्था समेत विद्यमान छ। गाउँपालिकाको वडा नं. २ मा सञ्चालित प्राथमिक स्वास्थ्य केन्द्र, सल्यानलाई सञ्चालन यथावत नै राखी यस गाउँपालिकाको लागि नेपाल सरकारबाट स्वीकृत ५ शैयाको आधारभूत अस्पतालको सञ्चालन प्रक्रिया अगाडि बढाउने निर्णय गरियो।

**निर्णय नं. ३**

सम्मानित गाउँसभाबाट आ.व. २०७९/०८० को लागि विनियोजित बजेटबाट देहायबमोजिम रकमान्तर गरी कार्यान्वय गर्ने निर्णय गरियो।

**तपशील:**

| क्र.सं. | साविक योजना/कार्यक्रमको नाम | रकमान्तर गरिने नयाँ योजना/कार्यक्रम | बजेट | बाँकी बजेट |
|---|---|---|---|---|
| | | नेचा सामुदायिक अस्पतालको जनशक्ति व्यवस्थापन | ८,७५,०००/- | |
| | | चुर्पुघाट लिफ्टिङ खानेपानी परियोजनाको लागि जग्गा खरिद व्यवस्थापन (नेचासल्यान गाउँपालिका वडा नं. ४ स्थायी ठेगाना भएका सिंगे राईको नाति साङ्गे राईको छोरा दधिचन्द्र राईको नाममा रहेको कि.नं. १३४ को ८,७१० वर्ग मिटर क्षेत्रबाट ६ रोपनी जग्गा नेचासल्यान गाउँपालिकाको नाममा निर्णयको मितिले १ महिना भित्र मालपोत र नापी कार्यालय, सोलुखुम्बुबाट डोर झिकाई रजिष्ट्रेशन पास गरी जग्गा प्राप्ति गर्ने) | जग्गा खरिदः १०,००,०००/– (१२,००,०००.- पर्ने उक्त जग्गाको लागि २,००,०००/– जग्गादाताबाट छुट दिने) | |
| १. | हेभी इक्युपमेन्ट खरिद ७०,००,०००/- | चुर्पुघाट लिफ्टिङ खानेपानी परियोजनाको लागि जग्गा खरिद व्यवस्थापन गर्दा रजिष्ट्रशन पास शुल्क (नेचासल्यान गाउँपालिका वडा नं. ४ स्थायी ठेगाना | १,००,०००/- | |

| | | | | |
|---|---|---|---|---|
| | | भएका सिंगे राईको नाति साङ्गे राईको छोरा दधिचन्द्र राईको नाममा रहेको कि.नं. १३४ को ८,७१० वर्ग मिटर क्षेत्रबाट ६ रोपनी जग्गा नेचासल्यान गाउँपालिकाको नाममा निर्णयको मितिले १ महिना भित्र मालपोत र नापी कार्यालय, सोलुखुम्बुबाट डोर झिकाई रजिष्ट्रेशन पास गरी जग्गा प्राप्ति गर्ने) | | |
| २. | सवारी साधन खरिद ४५,००,०००।- | बुधबारे बजार (दोदी सल्यान) व्यवस्थापन वडा नं. २ | १०,००,०००।- | |
| | | जलदेवी रुंगा खानेपानी व्यवस्थापन वडा नं. १ | ५,००,०००।- | |
| | | थुलुङ दुधकोशी गाउँपालिका वडा नं. १ नेलेमा आगलागी पीडित सहयोग (प्रतिघर रु. २०,०००।– को दरले ५ घरको रु. १,००,०००।-) | १,००,०००।- | |
| | | थुलुङ दुधकोशी गा.पा.-२ र नेचासल्यान गा.पा.-२ जोड्ने ठुलढुंगामा फलामे ह्युम पाइप व्यवस्थापन (प्राबिधिक स्टमेट अनुसार) | २,६६,०००।- | |
| | | चन्द्रज्योति आ.वि. फर्निचर व्यवस्थापन | १,००,०००।- | |
| ३. | संघ संस्था साझेदारी १५,००,०००।- | कृषि मेला प्रदर्शनी | २,५०,०००।- | ०।- |
| | | साम्साले-चिसापानी सडक खण्डको कुपसराप सडक ~~मर्मत~~ कल भर्ट निर्माण | २,५०,०००।- | |
| | | अधेरी खोला मुहान कालिपोखरी टारी चुहान वडा नं. ३ ४ | ४,००,०००।- | |
| | | रिड नेपालसँगको साझेदारीमा शिक्षक तालिम सहभागी कार्यक्रम | १,००,०००।- | |
| | | फेदि प्याङकु खोल्सी जिरो पोइन्ट हुँदै न्याम्ले खोला झौपु सेब्जु छविसे खेत सम्म सडक ट्र्याक ओपन | ५,००,०००।- | |
| ४ | पत्रपत्रिका छपाई तथा सूचना प्रकाशन | वृत्तचित्र निर्माण | ५०००००।- | |
| ५ | | बिहिबारे बेसीगाउँ सडक सोलिङ तथा चौकर ओछयाउने वडा नं. ३ | ६,००,०००।- | |
| ६ | | नेवार गुठी भवन फर्निचर निर्माण, वडा नं. २ | १,५०,०००।- | |

**निर्णय नं.४**

नेचासल्यान गाउँपालिका वडा नं. १ को वडा समितिको निर्णयानुसार आ.व. २०७९/०८० को लागि शिक्षा तर्फ वडा समितिको निर्णयानुसार खर्च हुने शीर्षकमा विनियोजित बजेटबाट देहायबमोजिम रकमान्तर गरी कार्यान्वय गर्ने निर्णय गरियो।

**तपशील:**

| क्र.सं. | साविक योजना/कार्यक्रमको नाम | रकमान्तर गरिने नयाँ योजना/कार्यक्रम | बजेट | बाँकी बजेट |
|---|---|---|---|---|
| | शिक्षा तर्फ वडा | भमेश्वरी मा.वि. अतिरिक्त क्रियाकलाप सञ्चालन | ५०,०००।- | १,००,०००।- |

कार्यपालिका बैठक नं. ९, ०७९/८०
२०७९/०८/११

| | | | | |
|---|---|---|---|---|
| १. | समितिको निर्णयानुसरा खर्च हुने रु. २,००,०००।- | भगवती आ.वि. व्यवस्थापन | ५०,०००।- | |

**निर्णय नं. ५**

मिति २०७९/०८/२३ का दिन प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत स्थानीय निर्देशक समितिको बैठकले वडा स्तरमा आयोजना गरिने योजनाहरुको नाम कार्यापालिकामा सिफारिस गरी बजेट विनियोजन तथा आवश्यक छलफल गर्न कार्यपालिकामा प्रस्ताव पेश गर्ने निर्णय गरेकोमा निम्न आयोजनाहरुमा श्रमिकको ज्याला बापतको बजेट बाँडफाँड गरियो ।

| क्र.सं. | योजनाको नाम, ठेगाना | बजेट | स्रोत |
|---|---|---|---|
| १. | वडा कार्यालय जिरो पोइन्ट देखि गा.पा.जाने सडक सोलिङ, वडा नं. १ | ८,२५,६००।- | आइ.डी.ए |
| २. | विर्खे जिरो पोइन्ट देखि आहाले जाने सडक सोलिङ, वडा नं. १ | २,८०,७७७.७९।- | नेपाल सरकार |
| ३. | रुंगा खानेपानी पाइपलाइन होल खन्ने, वडा नं. १ | २,१९,२२३।- | नेपाल सरकार |
| ४. | बिहिबारे सुकेपोखरी अन्तर्गतको सडकमा नाली काट्ने तथा सोलिङ गर्न, वडा नं. ३ | ३,०४,३६६.९८।- | आइ.डी.ए |
| ५. | रुंगा भस्मे स्थित मुहान देखि राईडाँडा चुहान खानेपानी पाइप पुर्ने, वडा नं. २ | | |

**निर्णय नं. ६**

फिल्डमा गएर सञ्चालन गरिने कार्यक्रम सम्बन्धमा नेपाल सरकार माननीय मन्त्रिस्तरको मिति २०७९/०४/०३ को निर्णय अनुसार स्वीकृत स्थानीय तह कार्यक्रम सञ्चालन मार्गदर्शन २०७९/०८० को शसर्त तथा वित्तीय समानीकरण अन्तर्गतका कार्यक्रमहरु सञ्चालन गर्दा कतिपय कार्यक्रम फिल्डमा गएर गर्नुपर्ने भएको र सो समयमा फिल्डमा गएर काम गर्ने कर्मचारीको हकम सो दिनको सेवा सुविधाको बारेमा गाउँपालिका क्षेत्र भित्र ६ कोष भन्दा कम दूरी भएको स्थानमान खटिई कार्य सम्पादन गरिएको दिनको सेवा सुविधाको विषयमा कहिकतै स्पष्ट व्यवस्था नभएको पाइएकोले आ.व. २०७९/०८० देखि तपशील अनुसार सेवा सुविधा उपलब्ध गराउने निर्णय गरियो ।

तपशील

| क्र.सं. | तह/श्रेणी | रकम/भत्ता |
|---|---|---|
| १. | अधिकृत स्तर | १३००।- एक हजार तीन सय मात्र । (प्रतिदिन) |
| २. | सहायक स्तर | १०००।- एक हजार मात्र । (प्रतिदिन) |
| ३. | श्रेणी विहिन | ७००।- सात सय मात्र । (प्रतिदिन) |

निर्णय नं. ७
नेचासल्यान गाउँपालिकाको स्वास्थ्य संस्थामा कार्यरत प्रयोगशालाकर्मीहरुलाई आ.व.२०७०/०८० देखि देहायबमोजिम जोखिम भत्ता उपलब्ध गराउने निर्णय गरियो।

| क्र.सं. | पद/प्रयोगशाला | जोखिम भत्ता | कै. |
|---|---|---|---|
| १. | ल्याब असिस्टेन्ट/टेक्निसियन | २५ प्रतिशत | |
| २. | रेडियोग्राफर | २५ प्रतिशत | |

निर्णय नं ८
११ औ गाउँसभावाट विभिन्न प्रतियोगितात्मक कार्यक्रममा खेलाडि सहभागी रु ५०००००।०० विनियोजन शिर्षकबाट नेचासल्यान गाउँपालिका वडा नं २ मा दिपावली तथा छठ पर्वको शुभकामना सहित खुल्ला साविक वडा स्तरीय भलिवल प्रतियोगिता आयोजना सम्पन्न गरेको हुँदा श्री प्रकृति मारुनी युवा क्लव नेचासल्यान २ खाल्पालाइ रु १,००,०००।०० भुक्तानी दिने निर्णय गरियो।

निर्णय नं. ९
स्थानीय तहको दोस्रो निर्वाचन सँगै जननिर्वाचित प्रतिनिधिहरुले पद तथा गोपनीयताको सपथ ग्रहणसँगै बालिका बचत खाता कार्यक्रमलाई नेचासल्यान गाउँपालिकामा सुरुवात गर्ने प्रतिबद्धता भए अनुरुप प्रत्येक वालिकालाई बचत खाता सञ्चालनसँगै गाउँपालिकाले जनही रु. २,०००।– को दरले बालिकाको खातामा रकम जम्मा गर्ने निर्णय गरियो। सो कार्यक्रमको लागि देहाय बमोजिमको रकम रकमान्तर गर्ने निर्णय गरियो।
तपशील:

| क्र.सं. | साविक योजना/कार्यक्रमको नाम | रकमान्तर गरिने नयाँ योजना/कार्यक्रम | बजेट | बाँकी बजेट |
|---|---|---|---|---|
| १. | पत्रपत्रिका छपाई तथा सूचना प्रकाशन खर्च | बालिका बचत खाता सञ्चालन | १००,०००।- | |

निर्णय नं १०
नेचासल्यान गाउँपालिका वडा नं ४ र वडा नं ३ समेतलाई सिञ्चित हुने कुलो आहाले चुहान भएको माझकुलो नेचासल्यान गाउँपालिका वडा नं ४ का लागि आवश्यक बजेटको माग गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने निर्णय गरियो।

निर्णय नं. ११
करार कर्मचारी नियुक्ति र पदस्थापन सम्बन्धी देहायका निर्णयहरु सम्पन्न गरियो।

क) नेचासल्यान गाउँपालिका वडा नं. ३ मा सञ्चालित वेतघारी स्वास्थ्य चौकी/वर्थिङ्ग सेन्टरमा र नेचासल्यान गाउँपालिका वडा नं. ३ मै सञ्चालित वतासे स्वास्थ्य चौकी, वरडाँडा/वर्थिङ्ग सेन्टरमा कार्यालय सहयोगी पदमा करार सम्झौता मार्फत कर्मचारी निर्णय गरियो।

ख) नेचासल्यान गाउँपालिका शिक्षा शाखामा हाल प्रा.स. रिक्त रहेको अवस्था छ। शाखामा कामको चाप र बोझको आधारमा गाउँ शिक्षा समितिको मिति २०७९/०८/२१ को निर्णयानुसार नेचासल्यान गाउँपालिका वडा नं. ३ निवासी दुर्गा प्रसाद

कटेललाई मासिक रु. १५,०००|- अक्षरेपी पन्ध्र हजार मात्र पारिश्रमिक भुक्तानी गर्ने गरी कार्यालय सहयोगी पदमा करार सम्झौता गरी कामकाजमा लगाउने निर्णय गरियो ।

ग) नेचासल्यान गाउँपालिकामा आ.व. २०७८/०७९ मा करारमा एक जना अमिन कर्मचारी कार्यरत रहेको र गाउँकार्यपालिकाको मिति २०७९/०३/३१ गतेको निर्णयानुसार ती कर्मचारीको करार सम्झौता नविकरण नभएकोले गाउँपालिकामा रिक्त अमिन कर्मचारी पदपूर्ति गर्नको लागि प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं. १२**

करार कर्मचारी सम्बन्धी देहायका निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

क) यस गाउँपालिका अन्तर्गत विभिन्न शाखाहरुमा रिक्त दरबन्दीमा करार सेवाबाट जनशक्ति पदपूर्ति गर्नको लागि मिति २०७९/०६/०६ गतेको दिन सञ्चालन गरिएको लिखित तथा प्रयोगात्मक परीक्षा र मिति २०७९/०८/२६ गते सञ्चालन गरिएको अन्तर्वार्ताबाट सफल उम्मेदवारहरुको नियुक्ति तथा पदस्थापन ।

ख) नेचासल्यान गाउँपालिका वडा नं. ३ मा सञ्चालित वेतघारी स्वास्थ्य चौकीमा बैकल्पिक सूचीमा रहेको अ.हे.ब. उषा राईलाई करार सम्झौता गरी नियुक्ति तथा पदस्थापन ।

ग) नेचासल्यान गाउँपालिका वडा नं. ५ को वडा समितिको निर्णय र सिफारिसको आधारमा नेचासल्यान गाउँपालिका वडा नं. ५ निवासी सन्तोष राईलाई सोही वडाको कार्यालय सहयोगीको रुपमा करार सम्झौता गरी नियुक्ति र पदस्थापन ।